# प्राचीन नेपालमा शिक्षा


***कमला दाहाल****


## परिचय

नेपालको इतिहासमा प्राचीनकाल भन्नाले लिच्छवि शासनको आरम्भदेखि नवौं शताब्दीको अन्त्यसम्मको समयलाई मानिएको छ । यद्यपि नेपालको इतिहासको कालविभाजनका सम्बन्धमा इतिहासकारहरूका बीचमा मतैक्य देखिँदैन, तर पनि प्राचीनकालको अन्त्य वा मध्यकालको सुरुआत र अन्त्यको समयको मोटामोटी विभाजनका बारेमा भने सामान्यतया मतभेद देखिएको छैन । यसअनुसार प्राचीनकाल भन्नाले सुरुदेखि नवौं शताब्दीको अन्त्यसम्मको समयलाई मान्ने गरिन्छ । ई. ८७९ अक्टुबर २० का दिन नेपाल संवत्को शुभारम्भ भएको र यो संवत् ई. १७६८ मा पथ्वीनारायण शाहले काठमाडौँमा नियन्त्रण कायम नगरुन्जेलसम्म निरन्तर चलेको हुँदा यो ८८८ वर्षको समयलाई मध्यकाल मानी यसभन्दा पहिलेको समयलाई प्राचीनकाल र पछाडिको समयलाई आधुनिककाल मान्ने धारणा इतिहासकारहरूमा रहेको छ । यसरी नेपालको इतिहासको प्राचीनकालको समय सुरुदेखि नवौं शताब्दीको अन्त्यसम्म मान्ने प्रचलनमा खासै विवाद नदेखिए पनि यसको (प्राचीनकालको) सुरुआतको समयका सम्बन्धमा भने मतभेद देखिएको छ । एकथरी धारणाअनुसार इसाको प्रथम शताब्दीदेखि नेपालमा लिच्छविशासनको आरम्भ भएको मानी सोही समयदेखि प्राचीनकालको सुरुआत भएको भन्ने छ भने अर्कोथरी धारणाअनुसार इसाको तेस्रो-चौथो शताब्दीदेखि मात्र नेपालको इतिहासमा प्राचीनकालको सुरुआतको समय मानी सोभन्दा अगाडिको समयलाई पूर्वप्राचीनकाल मान्नुपर्ने भन्ने छ । वास्तवमा नेपालमा प्राप्त ऐतिहासिक स्रोतहरू केही अपवादबाहेक पाँचौं शताब्दीको मध्यपछिका मात्र भएकाले सो समयभन्दा अगाडिको समयलाई कुन ढङ्गले वर्णन गर्ने भन्ने सम्बन्धमा इतिहासकारहरूमा मतभेद देखिएको हो । नेपालको इतिहासको कालविभाजनमा लिच्छविकालभन्दा अगाडिको समयलाई भने पौराणिककाल मान्नु उपयुक्त देखिन्छ ।

ऐतिहासिक स्रोतहरूका आधारमा मात्र हेर्ने हो भने नेपालमा ऐतिहासिक युगको सुरुआत पाँचौं शताब्दीदेखि मात्र भएको देखिन्छ तापनि नेपालमा राजनैतिक गतिविधि पाँचौं शताब्दीदेखि मात्र सुरु भएको भने अवश्य पनि होइन । नेपाल एक अत्यन्तै प्राचीन देश हो भन्ने कुरा विभिन्न धर्मशास्त्रहरू तथा पुराणहरूमा उल्लेख भएका प्रसङ्गरूबाट जान्न सकिन्छ । यस देशको नाम पहिलोपल्ट उल्लेख भएको प्रमाण *अथर्वपरिशिष्ट* हो । यद्यपि अथर्वपरिशिष्टको समय निश्चित गर्न सकिएको छैन तापनि इसापूर्व ८००-६०० का बीचमा कुनै बेला यसको निर्माण भएको हुन सक्ने विश्वास गरिएको छ । यस स्रोतमा नेपाललाई कामरूप, विदेहउदुम्बर, अवन्ती र

---


* इतिहास विषयका उपप्राध्यापक डा. दाहाल हाल पाटन संयुक्त क्याम्पस, पाटनढोकामा कार्यरत हुनुहुन्छ ।

कैकेयजस्ता त्यसबेलाका प्रतिष्ठित देशहरूसँगै राखेर चर्चा गरिएको छ । त्यस्तै *मूलसर्वास्तिवाद विनयवस्तु* नामक बौद्धग्रन्थमा पनि नेपालको चर्चा परेको छ । यसमा गौतम बुद्धको समयमा नै उनका चेलाहरू व्यापारीका साथमा लागेर नेपाल पसेको उल्लेख भएको छ । यस कथनबाट बौद्धधर्मको प्रवेश नेपालमा गौतम बुद्धकै समयमा भएको जानकारीका साथै इसापूर्व छैटौं शताब्दीतिरै नेपाल बाह्य व्यापारका निमित्त प्रख्यात भइसकेको तथ्य पनि स्पष्ट भएको छ । *महाभारत* वनपर्व, जैनग्रन्थ *आवश्यकसूत्र,* कौटिल्यको *अर्थशास्त्र* (इसापूर्व चौथो शताब्दी) तथा भारतीय गुप्तसम्राट समुद्रगुप्तको प्रयागप्रशस्तिमा समेत नेपालको उल्लेख एक राज्यका रूपमा गरिएको छ । यी सबै कथनबाट के स्पष्ट हुन्छ भने नेपाल अत्यन्तै प्राचीन समयदेखि नै एक स्वतन्त्र राज्यका रूपमा विकसित भएको थियो ।

लिच्छविशासनपूर्वको नेपालको इतिहासलेखनका क्षेत्रमा देखिएको एउटा ठूलो समस्या के भने अभिलेखीय स्रोतहरू प्राप्त नभएका कारणले सो युगको इतिहासको वर्णन पुराण र वंशावलीहरूमा मात्र आधारित छ र यस खाले स्रोतहरू पनि चौधौं शताब्दीपछि मात्र सङ्कलित र लिपिबद्ध गरिएका छन् । धेरै यस्ता खाले स्रोतहरू त दुईसयवर्ष पहिले मात्र लेखिएका पनि छन् र यिनमा दिइएको नेपालको इतिहासको सुरुआतको वर्णन पनि धेरै प्रकारको छ । त्यस्तै यिनमा गरिएको कतिपय वर्णन त धार्मिक आस्थामा पनि आधारित देखिन्छ । उदाहरणका रूपमा के देखाउन सकिन्छ भने यस्ता खाले सबै स्रोतहरूले काठमाडौं उपत्यका आरम्भमा ठूलो तालका रूपमा रहेको र चोभारको डाँडो काटेर पानीको निकास गरेपछि बस्तीयोग्य भएको विवरण दिएका छन्, तर यो निकास खुलाउने श्रेय हिन्दू पण्डितहरूले तयार गरेका वंशावलीहरूले श्रीकृष्णलाई दिएका छन् भने बौद्ध पण्डितहरूले तयार गरेका वंशावलीहरूले मन्जुश्री बोधिसत्वको नाम लिएका छन् । यस्ता वंशावलीहरूमा परेका अन्य विवरण पनि ऐतिहासिकभन्दा बढी आख्यानात्मक जस्ता देखिन्छन् । त्यसैले लिच्छविपूर्वको इतिहासको अध्ययन अद्यापि समस्याकै रूपमा रहेको छ ।

सामान्य फरक भए पनि लगभग सबैखाले स्रोतहरूले लिच्छविभन्दा अगाडि नेपालमा शासन गर्ने राजवंशहरूमा गोपाल, महिषपाल र किराँतको उल्लेख गरेका छन् । यीमध्ये नेपालमा राज्यव्यवस्थाको सुरुआत गर्ने श्रेय भने गोपालवंशी शासकहरूलाई दिइएको छ । चौधौं शताब्दीमा तयार पारिएको *गोपालराजवंशावली*मा दिएको विवरणअनुसार यस वंशका आठजनाले यहाँ शासन गरेका थिए । यी गोपालवंशीलाई प्राचीन वैदिक साहित्यहरूमा उल्लेख भएको नीप जाति मानेर उनीहरूले नै आबाद गरेको देश भएको हुँदा यो देशको नाम नेपाल रहन गएको विचार एकथरी विद्वान्हरूको रहेको छ । गोपालपछि यहाँ तीनजना महिषपालवंशी शासकहरूले र त्यसपछि किराँतहरूले लामो समयसम्म शासन गरेको कुरा *गोपालराजवंशावली*मा नै उल्लेख भएको छ । किराँतहरूका सम्बन्धमा भने अन्य दुई राजवंशको भन्दा भिन्न स्थिति रहेको छ । नेपालको इतिहासमा किराँतहरूको उपस्थिति भने सायद वास्तविक नै थियो । यिनको उपस्थितिका सम्बन्धमा लिच्छवि अभिलेखहरूले समेत सङ्केत गरेका छन् । केही पुराणहरूले स्पष्ट रूपमा किराँतहरूलाई

जितेर लिच्छविहरूले नेपालमा अधिकार कायम गरेको वर्णन गरेका छन् । लिच्छविहरूको आगमनपछि भने नेपालको क्रमबद्ध इतिहासको वर्णन प्राप्त छ ।

इसापूर्वका शताब्दीहरूमा काठमाडौँबाहिर नेपालमा नै केही राज्यहरू विकसित भएका थिए । यी राज्यहरूमध्ये जनकपुरक्षेत्रमा विकसित विदेहराज्य र कपिलवस्तुमा विकसित कपिलवस्तु राज्यको नाम मुख्य रूपमा उल्लेख गर्न सकिन्छ । त्यसैले काठमाडौँमा प्रवेश गर्नुभन्दा पहिले यी राज्यहरूको शैक्षिक गतिविधिका बारेमा जानकारी लिनु आवश्यक हुन्छ । वास्तवमा नेपालको शैक्षिक विकासको इतिहासलाई खोजी गर्दै जाने हो भने उत्तरवैदिक युगसम्म पुग्न सकिन्छ । उत्तरवैदिक युग भन्नाले ऋग्वैदिक युगपछिको समयलाई जनाउँछ । यजुर्वेद, सामवेद, अथर्ववेद, विभिन्न ब्राह्मण-साहित्यहरू, उपनिषद्हरू र तत्सम्बन्धी अन्य ग्रन्थहरूमा वर्णित लगभग ई.पू. १०००-५०० सम्मको सभ्यता नै उत्तर वैदिक सभ्यताको नामले चिनिन्छ । यी ग्रन्थहरूको अध्ययन गर्दा आर्यहरूले उत्तर-पश्चिम भारतबाट बिस्तारै-बिस्तारै पूर्व तथा दक्षिणतिर लाग्दै गएर कुरु, पाञ्चाल, कोशल, मगध, विदेह आदि अनेक राज्यहरूको स्थापना गरेको बुझिन्छ । त्यसपछि कुरुक्षेत्र तथा गङ्गा र यमुनाको तटवर्तीक्षेत्र मध्यदेश आर्य संस्कृतिको केन्द्रका रूपमा विकसित हुन थाल्यो । आर्यहरू पनि घुमन्ते जीवन छोडेर स्थायी र सङ्गठित रूपमा रहन थालेका थिए । फलस्वरूप यिनीहरूको सभ्यताको अनेक क्षेत्रमा विकास हुन थाल्यो । यसै परिप्रेक्ष्यमा वर्तमान नेपालको भूभागमा विदेह राज्यको स्थापना हुनपुग्यो ।

**विदेहराज्य र शैक्षिक विकास**

वर्तमान नेपालको जनकपुरलाई केन्द्र बनाई स्थापना भएको विदेह वा मिथिला राज्यको विकास उत्तरवैदिक युगमा आर्यहरू फैलँदै जाँदा भएको हो । विदेहको उल्लेख *ऋग्वेद*मा नभएको हुँदा पनि यसको विकास पछिल्लो वैदिक युगमा नै भएको स्पष्ट हुन्छ । विदेहराज्यसम्बन्धी जानकारी दिने पुरातात्विक प्रमाणहरू हालसम्म उपलब्ध नभएका हुँदा यस क्षेत्रको इतिहासको अध्ययन गर्न वैदिक साहित्यहरू पुराण, रामायण, महाभारत तथा बौद्ध एवं जैन धर्मग्रन्थहरूमा वर्णित विवरणहरूलाई नै आधार मान्नुपर्ने हुन्छ । यस्तै सन्दर्भहरूध्येको एक *शतपथब्राह्मण* नामक ब्राह्मणग्रन्थमा उल्लेख भएअनुसार विदेह माधवले आफ्ना पुरोहित गौतम रहुगणका साथ सरस्वतीतटवर्ती प्रदेशबाट सदानीरा (गण्डक) तरेर जङ्गल र दलदलले ढाकिएको र अनार्यहरूद्वारा निर्वासित भएर विदेह पुगी यसलाई कृषियोग्य बनाए र वस्ती आवाद गर्दै राज्यस्थापना गरेको बुझिन्छ । तर यससम्बन्धी र यसपछिका घटनाहरूको समेत विस्तृत विवरण पाउन सकिएको छैन । कुनै-कुनै ग्रन्थले भने यस वंशका शासक मिथिको नामबाट मिथिलानगरको निर्माण भएको र मिथिलानगरका जन्मदाता भएकै कारणले उनको नामनै जनक (जन्मदाता) रहन गएको समेत उल्लेख गरेका छन् । त्यसपछि यहाँका सबै शासकहरू जनक नामबाटै चिनिने प्रचलन विशेष मात्रामा भएको छ ।

मिथिला राज्यमा जनकको समयमा शैक्षिक क्षेत्रमा निकै उन्नति भएको थियो । *बृहदारण्यक उपनिषद्*मा धेरै ठाउँमा राजा जनकको समयका शैक्षिक

क्रियाकलापबारे चर्चा गर्दै यस सम्बन्धमा जनकको निकै प्रशंसासमेत गरिएको छ । यस ग्रन्थका ठाउँ-ठाउँमा सो समयमा हुने गरेका बौद्धिक छलफलको उल्लेख पनि भएको छ । वास्तवमा त्यसबेलासम्ममा लेखनकलाको पनि विकास भइसकेको हुँदा शैक्षिक जागरण हुनु स्वाभाविकै थियो । यसबेला प्राचीन वैदिक ग्रन्थ *ऋग्वेद*का सूक्तहरूो व्यवस्थित अध्ययन गरियो । फलस्वरूप अनेक उपनिषद्, ब्राह्मणसाहित्य, दर्शन तथा वेदाङ्गहरू तयार भए । एकातिर व्याकरण, शिक्षा, कर्मकाण्ड, शब्दविज्ञान, ज्योतिष आदि शिक्षाका अङ्गहरूको निर्माण भयो भने अर्कातिर दर्शनको विषयमा विचार-वमर्श हुने परम्परा सुरु भयो । यस युगमा ज्ञानको अभिप्राप्तिलाई नै चरम शान्तिको साधन मानियो । यसका निमित्त अनेक तरहले छलफल हुने गर्दथ्यो । यसरी छलफल गर्ने तत्कालीन दरबारिया विद्वान्हरूमा याज्ञवल्क्यको नाम अग्रपङ्क्तिमा रहेको थियो भने श्वेतकेतु, उद्दालक, आरुणि, सत्यकाम, गार्गी, मैत्रेयी आदि पनि सुप्रसिद्ध थिए । *शतपथब्राह्मण*मा उल्लेख भएअनुसार यी विद्वान्हरूका बीचमा भएको छलफलमा याज्ञवल्क्य विजयी भएर राजा जनकका प्रमुख सल्लाहकार हुन पुगेका थिए । याज्ञवल्क्य शुक्लयजुर्वेदका उद्घोषक मानिन्छन् । यी याज्ञवल्क्यको विद्वत्ताकै कारणले मिथिलाको ख्याति सर्वत्र फैलिएको थियो । अनेकौं ऋषिहरू मिथिला गएर याज्ञवल्क्यसँग वर्णाश्रम, धर्म र अन्य विविध विषयमा शिक्षा लिने गर्दथे । यसरी भएको शैक्षिक विकासले मिथिला परवर्ती वैदिक संस्कृतिको महत्त्वपूर्ण केन्द्र भएको स्पष्ट बुझ्न सकिन्छ । स्वयं दुर्योधनले बलरामसँग मिथिलामा गदायुद्धकलाको अभ्यास गरेको प्रसङ्ग *महाभारत*मा परेकोबाट पनि मिथिलाको उच्च शैक्षिक अवस्थाको बोध हुन्छ । सो समयमा मिथिलाका मानिसहरू अत्यन्तै विद्वान् भएको चर्चा जातककथाहरूमा पनि पाइन्छ । शिक्षाप्रतिको जागरुकताका कारणले नै मिथिलाबाट तक्षशिलासम्म अध्ययन गर्न जाने चलन पनि थियो ।

## कपिलवस्तु राज्य र शैक्षिक विकास

इसापूर्व छैटौं शताब्दीतिर जुन समयमा काठमाडौं उपत्यकामा किराँतहरू शासन गरिरहेका थिए, त्यसैबेला नेपालको पश्चिम तराईक्षेत्रमा केही महत्त्वपूर्ण गणतन्त्रात्मक राज्यहरू स्थापित थिए । यी गणराज्यहरूमध्ये कपिलवस्तुको गणराज्य विशेष उल्लेखनीय छ । प्राचीन समयमा यो राज्य आजको लुम्बिनी अञ्चलअन्तर्गत कपिलवस्तु जिल्लाको तिलौराकोटमा केन्द्र बनाई स्थापित थियो । सिद्धार्थ गौतमको मातृभूमि भएको तथा उनले आफ्नो जीवनको २९ वर्ष यसै ठाउँमा बिताएका कारणले गर्दा यो क्षेत्र प्राचीन समयदेखि नै महत्त्वपूर्ण मानिदै आएको छ ।

इसापूर्व छैटौं शताब्दीको कपिलवस्तुको इतिहासको अध्ययन गर्दा पनि नेपालको तत्कालीन शैक्षिक स्थितिबारे जानकारी पाउन सकिन्छ । विभिन्न बौद्धग्रन्थहरूको अध्ययन गर्दा त्यहाँ विभिन्न विषयको शिक्षा दिने व्यवस्था भएको बुझिन्छ । गौतमबुद्ध स्वयं पाठशाला जाने गर्दथे र उनले आफ्ना गुरुबाट अनेक शस्त्र र शास्त्रको शिक्षा पाएका थिए । *ललितविस्तर*मा उल्लेख भएअनुसार गौतमबुद्ध विश्वामित्रबाट लिपिशालामा चन्दनको फलकमा सुनको कलमले अक्षर सिक्ने गर्दथे । शिक्षाको ज्यादै ठूलो महत्त्व त्यसबेला देखापर्न थालेको थियो ।

त्यसबेलाको चलनअनुसार बाबुहरू आफ्ना छोरीहरूको विवाह शिक्षित युवकहरूसँग नै गरिदिन रुचाउँथे । स्वयं सिद्धार्थ गौतमले यशोधरासँग विवाह गर्दा प्रतिस्पर्धाका निमित्त पाँचसय शाक्य कुमारहरूसँग हतियारकौशलमा भाग लिनुपरेको थियो ।

बौद्धशिक्षा पद्धतिको सुरुवात त स्वयं गौतमबुद्धले नै गरेका थिए । उनले आफ्नो ज्ञानलाई सरल र सुबोध जनभाषाका माध्यमबाट प्रचार गरे । आफ्नो धर्मको प्रचारको सिलसिलामा उनले प्रासङ्गिक उपमा, दृष्टान्त, उदाहरण, कथा आदि समावेश गरेर जुन ढङ्गले प्रचार गरे, त्यसबाट जनमानसमा बौद्धधर्मबारे बुझ्न सरल हुन गयो । बुद्धको यही शैलीलाई अनुसरण गरेर उनीपछि बौद्ध मठ र विहारहरूमा शिक्षा दिने परिपाटी थालियो ।

**लिच्छविकालीन नेपालमा शिक्षा**

इसाको थालनीका साथसाथै नेपालमा लिच्छविहरूको शासनव्यवस्था आरम्भ भएको मानिन्छ । तर अभिलेखीय प्रमाणहरू भने पाँचौं शताब्दीको मध्यदेखिका मात्र प्राप्त भएका छन् । यद्यपि केही वर्षअगाडि काठमाडौंको मालीगाउँमा प्राप्त एक शालिकमा अङ्कित भएको अभिलेखलाई मानदेवभन्दा अगाडि नै नेपालमा शासन गर्ने शासक जयवर्माको मानिएको छ, तर यस अभिलेखमा अङ्कित भएको संवत् भने अझै पनि विवादमा नै रहेको छ । इतिहासमा यो अभिलेखलाई कुन ठाउँमा राख्ने भन्नेबारेमा स्पष्ट हुन सकिएको छैन । स्पष्ट साल मिति अङ्कित भएका अभिलेख भने पाँचौं शताब्दीदेखि मात्र प्राप्त छन् । यस सन्दर्भमा प्राप्त पहिलो अभिलेख संवत् ३८१ (वि.सं. ५१६) को पशुपति अभिलेख हो ।

माथि इसाको आरम्भका साथसाथै नेपालमा लिच्छविहरूको शासनव्यवस्था आरम्भ भएको हुन सक्ने विचार व्यक्त गरिएको भए तापनि यो विवादरहित भने होइन । इतिहासकारहरू इस्वीपूर्व चौथो शताब्दीदेखि इस्वीको दोस्रो शताब्दीसम्मको कुनै पनि समयमा लिच्छविहरूको शासनव्यवस्था आरम्भ भएको हुन सक्ने धारणामा रहेका देखिन्छन् । अभिलेखीय प्रमाणहरू पाँचौं शताब्दीको मध्यदेखि मात्र प्राप्त भएका हुँदा लिच्छविहरूले नेपालमा कहिलेदेखि र कसरी शासनव्यवस्था सुरु गरेका थिए भन्ने विवादको अद्यापि निर्क्योल हुन सकेको छैन । लिच्छविशासन भने नवौं शताब्दीको अन्तिम चौथाई अर्थात् इ. ८७९ अक्टुबरसम्म कायम भएको मानिन्छ ।

यस बीचमा अनेक लिच्छवि राजाहरूले नेपालमा शासन गरे । लिच्छवियुगमा नेपालको चौतर्फी विकास भएको थियो र आन्तरिक विविध विकासका साथै बाह्य सम्पर्कमा पनि नेपालले राम्रो प्रगति हासिल गरेको थियो । राजनैतिक, आर्थिक, सामाजिक, कलाकौशल तथा शैक्षिक सबै क्षेत्रमा नेपालले राम्रो उन्नति गरेको थियो । लिच्छवियुगमा भएको शैक्षिक गतिविधिबारे तलका उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

**शासकहरूको शिक्षाप्रेम**

लिच्छविकालीन स्रोतहरूको अध्ययन गर्दा त्यसबेला उच्च वर्गमा शिक्षाको राम्रो व्यवस्था भएको बुझिन्छ । तत्कालीन शासकहरू शास्त्रहरूको अध्ययन गरेर

त्यसैअनुरूप शासन सञ्चालन गर्ने गर्दथे । शास्त्रहरूको आदर्श लिच्छविकालीन राजाहरूले मानेका थिए भन्ने तथ्य राजाहरूका नामका साथ प्रयोग गरिएका विद्वान्, धर्म जान्ने, शास्त्र अध्ययन गरेका भन्नेजस्ता विशेषणबाट पनि स्पष्ट हुन सक्तछ । यस्तैखाले एउटा प्रसङ्ग राजा मानदेवको केलटोल अभिलेखमा पाउन सकिन्छ । त्यसमा उनलाई *शास्त्रविहिते यो निग्रहे संरतः* अर्थात् शास्त्रमा कहिएअनुसार शासन गर्ने तथा *तेनेदं श्रुतिधर्म्मशास्त्रविहितां धर्मक्रियाङ्कुर्व्वता* अर्थात् वेद तथा धर्मशास्त्रमा विधान गरेबमोजिम धर्मकर्म गर्ने भनिएको छ भने उनकै समयको मानिएको स्वयम्भूको एक अभिलेखमा उनलाई *शिक्षासौष्ठवविधान...मतिमान् ....श्रुत...लनिधि कलासु निपुणः* अर्थात् शिक्षाको सदुपयोग गर्ने, बुद्धिमान्, पढाइका खानी, कलामा सिपालु विद्वान् राजा भनिएको छ । उनकै समयको निरपेक्षले राखेको अभिलेखमा त उनलाई सम्बोधन गर्दा *अतीव विदुषो* अर्थात् ठूला विद्वान् समेत भनिएको छ । यसबाट मानदेव आफै विद्वान् भएको र शासन सञ्चालन गर्दा प्राचीन शास्त्रहरूमा गरिएको विधानअनुसार नै गर्ने गर्दथे भन्ने स्पष्ट हुन्छ । मानदेवमात्र नभएर उनकी छोरी विजयवती पनि पढे-लेखेकी थिइन् भन्ने कुरा उनको सूर्यघाट अभिलेखमा उनलाई सम्बोधन गर्दा विभिन्न कलामा निपुण भएकी भनिएकोबाट स्पष्ट हुन्छ । त्यसबेला महिलालाई दिइने कलासम्बन्धी ज्ञान भन्नाले नृत्य, गीत, वाद्य आदि बुझिन्छ । यो कुरा प्राचीन भारतका प्रसिद्ध शासक हर्षवर्धनकी बहिनीलाई दिइने गरेको शिक्षाको प्रकारबाट पनि स्पष्टसँग थाहा पाउन सकिन्छ । हर्षचरितमा हर्षकी बहिनी राज्यश्रीलाई पनि यस्तै नृत्य, गीत, वाद्य आदि कलासम्बन्धी शिक्षा दिइएको उल्लेख बाणले गरेका छन् । यी तथ्यहरूबाट हेर्दा पाँचौं शताब्दीमा नै नेपालमा शिक्षाको जग बसिसकेको स्पष्ट हुन सक्तछ । मानदेवका नाति वसन्तदेवलाई पनि राम्ररी पढेका, पढाइबाट कीर्ति फैलिएका जस्ता शब्दहरूले सम्बोधन गरिएको छ ।

सातौं शताब्दीको सुरुतिर नेपालमा शासन गर्ने अंशुवर्माको विद्वत्ता त विदेशमा समेत फैलिएको थियो । चिनियाँ यात्री युवानच्वाङले समेत उनको विद्वत्ताबारे चर्चा गरेका छन् । उनी दिनरात विभिन्न शास्त्रहरूको अध्ययनमा लागिरहन्थे भन्ने कुरा संवत् ३९ (वि.सं. ६७२) को देउपाटन अभिलेखमा उल्लेख भएको *अनिशिनिशिचानेकशास्त्रार्थ विमर्शावसादितासद्दर्शनतया* अर्थात् रातोदिन थरीथरीका शास्त्रहरूको अर्थ विषयमा छलफल गर्दा असल दृष्टि प्राप्त भएका भन्ने वाक्यबाट थाहा पाउन सकिन्छ । अंशुवर्माले आफूलाई *श्रीकलहाभिमानी* उपनामले सम्बोधन गराएका छन् । धनवज्र वज्राचार्यले यस शब्दको अर्थ लक्ष्मीसँग कलह गर्न गर्ने अर्थात् सरस्वतीको भक्त भन्ने लगाएर अंशुवर्माको विद्वत्ताको थप प्रमाणका रूपमा प्रस्तुत गरेका छन् । तर यो अर्थ विवादरहित भने होइन । श्रीको अर्थ लक्ष्मी पनि हुने र राजोचित सम्मानलाई बुझाउने राज्यश्री पनि हुने हुँदा शंकरमान राजवंशीले यो *श्रीकलहाभिमानी* शब्दको अर्थ राजनैतिक क्रान्ति गर्नमा गर्व भएका भन्ने दिएका छन् ।

यसका अतिरिक्त अंशुवर्माको विद्वत्ता र विद्याप्रियतालाई पुष्टि गर्ने अरू आधार पनि नभएका होइनन् । माथि उल्लेख गरिएका अभिलेखहरूको प्रसङ्गका अतिरिक्त प्रसिद्ध चिनियाँ यात्री युआनच्वाङले आफ्नो अंशुवर्मासम्बन्धी वर्णनको क्रममा अंशुवर्माले शब्दविद्या (व्याकरण) सम्बन्धी ग्रन्थ रचना गरेको तथ्य जानकारी गराएका छन् भने *गोपालराजवंशावली*मा अंशुवर्माको वर्णन गर्दा *व्याकरणादि शास्त्रचर्चता वर्तते* अर्थात् व्याकरणआदि शास्त्रको चर्चा हुन थाल्यो भन्ने उल्लेख गरिएको छ । एकथरी *सङ्क्षिप्तगोपालराजवंशावली*मा त स्वयं अंशुवर्माले व्याकरणशास्त्र बनाएको उल्लेख परेको छ । केही भाषावंशावलीहरूले अंशुवर्माको वर्णन गर्ने सन्दर्भमा "नेपालमा व्याकरणशास्त्र पढ्ने-पढाउने रीत चलाया" भनी उल्लेख गरेका छन् ।

युआनच्वाङले उल्लेख गरेको अंशुवर्माले लेखेको पुस्तक *शब्दविद्या* के हो भन्ने सम्बन्धमा विद्वान्हरूमा छलफल पनि चलेको देखिएको छ । एकथरी विद्वान्हरू सो ग्रन्थ व्याकरण वा अलङ्कारसम्बन्धी होला भन्ने विचारमा छन् भने अर्काथरी विद्वान्हरू उक्त ग्रन्थ ध्वन्यात्मक शिक्षासम्बन्धी व्याकरण नै भएको मान्दछन् । जे होस्, अंशुवर्मा विद्वान् भएको र ग्रन्थ नै तयार गर्न सक्ने क्षमता भएका व्यक्ति थिए भन्ने विषयमा भने दुईमत छैन ।

धनवज्र वज्राचार्यले अंशुवर्माले समयको एउटा महत्त्वपूर्ण प्राज्ञिक उपलब्धिका रूपमा *चान्द्रव्याकरण*को रचना मानेका छन् । यस पुस्तकमा पाणिनिका सूत्रहरूलाई सङ्क्षेपमा क्रमबद्ध गरिएको छ । सुकुमारदत्तले चन्द्रगोमिनलाई एक ठूला व्याकरणविद्का रूपमा चर्चा गर्दै उनको व्याकरण पाणिनि व्याकरणको पुनरावृत्ति भएको मानेका छन् । सो समयमा रचना भएको *चान्द्रव्याकरण*को प्रसिद्धि तत्कालीन भारत तथा चीनमा समेत फैलिएको थियो भने नेपालमा प्राचीनकाल तथा मध्यमालमा मात्र नभएर उन्नाइसौँ शताब्दीको सुरुसम्म पनि लोकप्रिय रहेको बुझिएको छ । वि.सं. १८४९ तिर नेपाल आएका कर्कपेट्रिकलाई भक्तपुरका पण्डितहरूले अंशुवर्माको समयदेखि प्रचलित भएर आएको भनी एउटा व्याकरणको हस्तलिखित ग्रन्थ देखाएका थिए । पूर्वमध्यकाल, मध्यकाल तथा त्यसभन्दा पछि पनि तयार गरिएका यसका लिखित प्रतिहरू राष्ट्रिय अभिलेखालय तथा केशर पुस्तकालयमा पाउन सकिन्छ । नेपालमा मात्र नभएर भारत तथा तिब्बततिर पनि यसका प्रतिहरू सङ्ग्रहित भएको बुझिन्छ ।

*चान्द्रव्याकरण*का रचयिता चन्द्रवर्मा थिए । अंशुवर्माको भेल्बूको एक खण्डित अभिलेखमा र छिन्नमस्ताको ध्रुवदेव+जिष्णुगुप्तको संवत् ४८ (वि.सं. ६८१) को अभिलेखमा एक सामन्तका रूपमा चन्द्रवर्मा गोमीको उल्लेख भएको छ । धनवज्र वज्राचार्यले उनैलाई *चान्द्रव्याकरण*का रचयिता चन्द्रवर्मा मानेका छन् । चिनियाँ यात्री युवानच्वाङको वर्णनमा अंशुवर्माले शब्दविधासम्बन्धी ग्रन्थ रचना गरेको उल्लेख परेको, *गोपालराजवंशावली*मा अंशुवर्माका समयमा व्याकरण आदि शास्त्रको चर्चा हुन थाल्यो भन्ने उल्लेख गरिएको, *सङ्क्षिप्तगोपालराजवंशावली*मा त स्वयं अंशुवर्माले व्याकरणशास्त्र बनाएको उल्लेख परेको, केही भाषावंशावलीहरूले

"नेपालमा व्याकरणशास्त्र पढ्ने-पढाउने रीत चलाया" भनी अंशुवर्माको वर्णन गरेको, कर्कपेट्रिकले भक्तपुरका पण्डितहरूले आफूलाई अंशुवर्माको समयदेखि प्रचलित भएर आएको भनी एक व्याकरणको हस्तलिखित ग्रन्थ देखाएको उल्लेख गरेको आदिका साथै नेपालमा यस ग्रन्थका अनेक प्रतिहरू पाइनु तथा अंशुवर्माको अभिलेखमा समेत चन्द्रवर्मा गोमीको उल्लेख हुनु आदिका आधारमा नै धनवज्र वज्राचार्यले सामन्त चन्द्रवर्मा गोमीलाई *चान्द्रव्याकरण*का रचयिता चन्द्रवर्मासँग समीकरण गरेको देखिन्छ, तर उहाँको यो कुरा पुष्टि हुन नसक्ने विचार विद्वान्हरूको छ । यसको एउटा मुख्य कारण के हो भने धनवज्र वज्राचार्यले अंशुवर्माको एक खण्डित अभिलेखमा उल्लेख भएका जुन सामन्त चन्द्रवर्मा गोमीलाई प्रसिद्ध *चान्द्रव्याकरण*का रचयिता भएको मान्नुभएको छ तिब्बती इतिहासकार लामा तारानाथले भने चन्द्रगोमिन्लाई भारतको नालन्दा विश्वविद्यालयका विद्वान् भएको, उनको त्यहाँका एक उपाध्यायसँग शास्त्रार्थ भएको र उनले चौध पुस्तकहरू लेखेको बताएका छन् । धर्मस्वामीले समेत चन्द्रगोमिन्लाई नालन्दा विश्वविद्यालयका आचार्यको रूपमा वर्णन गर्दै यिनको त्यहाँका अन्य उपाध्यायसँग भएको शास्त्रार्थको समेत चर्चा गरेका छन् । वि.सं. ६८७-६९७ को अवधिमा चन्द्रगोमिन् नालन्दा विश्वविद्यालयका आचार्य रहेको बताइएको छ । तेह्रौं शताब्दीका वोपदेवले पनि आफ्नो व्याकरण पुस्तक मुग्धबोधमा चन्द्रगोमिन्लाई तत्कालीन भारतका आठओटा ठूला भाषा वैज्ञानिकमध्येका एक मानेका छन् । यी विभिन्न कारणहरूले गर्दा लिच्छवि अभिलेखमा देखिएका चन्द्रवर्मा गोमी र चान्द्रव्याकरणका रचयिता चन्द्रगोमिन्बीचको समीकरण सरल रूपमा हुन सक्ने देखिँदैन । नेपालका अभिलेखहरूको अध्ययन गर्दा पनि स्थिति के देखिन्छ भने अंशुवर्माको समयको एउटा अभिलेखमा सामन्त चन्द्रवर्मा गोमी भन्ने उल्लेख छ भने वि.सं. ६८० तिरको एक अभिलेखमा सामन्त चन्द्रवर्मा मात्र उल्लेख छ । त्यसपछि वि.सं. ७१५ को अभिलेखमा पाटन भेगकै महाप्रतिहारका रूपमा चन्द्रवर्माको उल्लेख भएको छ । यी चन्द्रवर्माहरू बीचमा के सम्बन्ध छ भन्ने कुरो स्पष्ट हुन नसके पनि यदि धनवज्र वज्राचार्यको अनुमानअनुसार *चान्द्रव्याकरण*का रचयिता चन्द्रवर्मा नेपालका तत्कालीन सामन्त भए अंशुवर्मापछिको नेपालको राजनैतिक स्थितिबाट असन्तुष्ट भएर वि.सं. ६८२ पछि उनी नेपालबाट बाहिर गएको र उनको विद्वत्ताकै कारणले नालन्दा विश्वविद्यालयको आचार्यका रूपमा उनको नियुक्ति हुन सकेको हुनुपर्दछ । वि.सं. ६८७-६९७ को अवधिमा चन्द्रगोमिन् नालन्दा विश्वविद्यालयका आचार्य रहेको बताइएको हुँदा र वि.सं. ६९८ पछि नेपालमा पुनः राजनैतिक परिवर्तन भएको हुँदा उनी नेपाल फर्केर पुनः पाटनको प्रशासकमा नियुक्त भएको अनुमान गर्नुपर्ने हुन्छ ।

*चान्द्रव्याकरण*का रचयिताको स्पष्ट परिचयका लागि अरू स्रोतहरूको आवश्यकता पर्ने भए पनि चन्द्रगोमिन् सो समयका लब्धप्रतिष्ठ विद्वान् भएको सम्बन्धमा भने दुईमत छैन । उनले अनेक ग्रन्थहरू लेखेका थिए । लामा तारानाथका अनुसार यी चन्द्रगोमिन्ले ललितकला, व्याकरण, तर्कशास्त्र,

चिकित्साविज्ञान, नाट्यशास्त्र, शब्दकोष, ज्योतिष आदि अनेक विषयका चौध ग्रन्थ लेखेका थिए । यिनले बौद्धधर्मसँग सम्बन्धित केही ग्रन्थहरू पनि लेखेको बताइएको छ । यस्ताखाले स्रोतहरूले यिनलाई योगाचार बौद्धमतका वरिष्ठ विद्वान् आचार्य वसुबन्धुका चेलाको रूपमा पनि वर्णन गरेका छन् । यसरी यिनले धेरै ग्रन्थ लेखेको भए पनि यिनको *चान्द्रव्याकरण* भने नेपाल, भारत र तिब्बतसम्म ज्यादै लोकप्रिय बनेको थियो । धर्मस्वामीले समेत आफ्नो वृत्तान्तमा तिब्बतमा उनको समय (१३ औं शताब्दीको पूर्वार्द्ध) मा चन्द्रवर्मा गोमिन्को व्याकरण बढी लोकप्रिय भएको उल्लेख गरेका छन् । सो समयदेखि पछि मध्यकाल र आधुनिक कालसम्म समेत काश्मीरदेखि तिब्बतसम्मका विभिन्न क्षेत्रहरूमा यसका प्रतिलिपिहरू तयार भएका पाइएका छन् । नेपालका विभिन्न पुस्तकालय र अभिलेखालयहरूमा *चान्द्रव्याकरण*का विभिन्न समयमा तयार गरिएका प्रतिहरू पाउन सकिन्छ । वि.सं. १८४९ तिर नेपाल आएका कर्कपेट्रिकलाई भक्तपुरका पण्डितहरूले अंशुवर्माको समयदेखि प्रचलित भएर आएको भनी एउटा व्याकरणको हस्तलिखित ग्रन्थ देखाएको प्रसङ्गबाट पनि *चान्द्रव्याकरण* अंशुवर्माको समयमा तयार गरिएको भन्ने विश्वास समाजमा रहेको बुझिन्छ । यस पुस्तकमा पाणिनिका सूत्रहरूलाई नै सङ्क्षेपमा क्रमबद्ध गरिएको छ । सुकुमार दत्तले चन्द्रगोमिन्लाई एक ठूला व्याकरणविद्को रूपमा चर्चा गर्दै उनको व्याकरणबाट पाणिनि व्याकरणको पुनरावृत्ति भएको मानेका छन् । भर्तृहरिका अनुसार भने चन्द्रगोमिन्ले वररुचिनामक विद्वान्बाट उक्त दुर्लभ ग्रन्थ प्राप्त गरेर त्यसको संरक्षण र प्रचार-प्रचार गरेका थिए । यी वररुचिले श्रीलङ्काबाट आफ्नो घर भारत फर्कदा दक्षिण भारतमा उक्त अप्राप्य ग्रन्थ पाएको बताइन्छ ।

अंशुवर्माका अतिरिक्त लिच्छविराजा नरेन्द्रदेव पनि विद्वान् थिए । यङ्गालहिटीको एक अभिलेखमा उनलाई शास्त्रहरूको प्रशस्त अध्ययनबाट स्मृतिमय भएका भनिएको छ । यी नरेन्द्रदेवका नाति लिच्छविराजा जयदेव द्वितीय आफै विद्वान् तथा कवि थिए । उनको संवत् १५७ (वि.सं. ७९०) को प्रसिद्ध पशुपति अभिलेखका चौंतीस पद्यमध्ये पाँच पद्यहरू राजा आफैले रचेका थिए । बाँकी उनन्तीस पद्यहरू भने उनको दरबारमा रहेका बुद्धकीर्तिनामक कविले रचेका थिए । उक्त अभिलेखमा राजा जयदेवलाई असल कवि (सत्कवि) भनेर सम्बोधन गर्नुका साथै राजा स्वयं काव्य रचना गर्न सक्षम भएर पनि आफ्नो कुलको वर्णन आफै गर्नु राम्रो नभएकाले बुद्धकीर्तिलाई अह्राएको भन्ने उल्लेख छ । राजाले रचेका भनिएका पाँच पद्यहरू प्रौढ र प्राञ्जल छन् । त्यस्तै यी बुद्धकीर्ति पनि संस्कृत भाषामा राम्रो दखल भएका तथा माथिल्लो तहको कविताशक्ति भएका थिए भन्ने स्पष्ट जान्न सकिन्छ ।

माथि लिच्छवियुगीन शासकहरूका सम्बन्धमा गरिएको उपर्युक्त चर्चाबाट के स्पष्ट हुन्छ भने तत्कालीन शासकहरू स्वयं अध्ययनशील थिए र अध्ययन-अध्यापनमा लागेकाहरूप्रति उनीहरू ज्यादै सम्मान गर्ने गर्दथे ।

**शिक्षाका केन्द्रहरू**

लिच्छविकालीन अभिलेखहरूको अध्ययन गर्दा त्यसबेला विभिन्न संघसंस्थाहरू तथा व्यक्तिहरू समेत पठनपाठनको व्यवस्था गर्ने काममा संलग्न

रहेको बुझ्न सकिन्छ । त्यसबेला पठनपाठनको व्यवस्था गर्न सरकारी स्तरबाट बिर्ता जमिनको व्यवस्था गरिएको हुन्थ्यो जसलाई अग्रहार भनिन्थ्यो । अग्रहार भनेर छुट्याइएका क्षेत्रहरूमा करमुक्त जग्गा हुन्थे । ती क्षेत्रहरूमा विद्वान्हरू बसेर पठनपाठनको कार्य सम्पादन गर्ने गर्दथे । प्राचीन भारतीय परम्परामा पनि यसरी अग्रहारको रूपमा विद्वत्मण्डलीहरू बस्ने गाउँहरू छुट्याउने व्यवस्था भएको बुझिन्छ । ए.एस. अल्टेकरको विचारअनुसार प्राचीन युगमा स्थापित यस्ता अग्रहार क्षेत्रहरूमा विद्वान् ब्राह्मणहरू नै बस्ने गर्दथे ।

सरकारी क्षेत्रबाहेक सामाजिक संस्थाहरू पनि शिक्षाव्यवस्थाको सञ्चालन गर्न सक्रिय थिए । यस्तो एक संस्था तैत्तरीयशाखा गोष्ठी थियो । यो संस्थाले वैदिक अध्ययन विशेष गरेर कृष्णयजुर्वेदको तैत्तिरीय शाखाको अध्ययनको व्यवस्था गर्ने गर्दथ्यो । त्यस्तै लिच्छविकालीन अभिलेखमा उल्लेख भएको अर्चागोष्ठीले शिल्पशास्त्रको तालिम दिने काम गर्दथ्यो भने वादित्रगोष्ठीले बाजागाजा बजाउन सिकाउने काम गर्दथ्यो ।

तत्कालीन मठमन्दिरहरू तथा विहारहरूले पनि आ-आफ्नो सम्प्रदायसम्बन्धी धार्मिक शिक्षा दिन्थे । प्राचीन नेपालका अनेकौं विहारहरू बौद्धधर्मको केन्द्रका रूपमा रहेका थिए र तिनबाट बौद्धशिक्षा प्रदान गरिन्थ्यो । युआनच्वाङ (ह्वेनसाङ) ले आफ्नो वर्णनमा नेपालका विहारहरूमा हीनयान र महायान दुवै सम्प्रदायका शास्त्रहरूको अध्ययन हुने गरेको तथ्य उल्लेख गरेका छन् । विहास ढाँचामा सङ्गठित नेपालका उत्तरी भेगका बौद्धगुम्बा वा मठहरूले पनि हिमाली भेगमा बौद्धशिक्षा परम्पराको संवर्धनमा योगदान दिए । बौद्धविहार र गुम्बाहरू राजाहरूका र जनसमुदायका उदार दानद्वारा परिपोषित थिए । प्राचीन अभिलेखहरूको अध्ययन गर्दा तुलनात्मक रूपमा संस्कृत शिक्षा दिने ऋषिकुल र गुरुकुलहरूभन्दा यी विहार र गुम्बाहरू सङ्गठनात्मक प्रणालीका दृष्टिले विशेष रूपमा सङ्गठित रहेको चर्चा पाइन्छ ।

संवत् ५३५ (वि.सं. ६७०) को काठमाडौँ ज्याबहालनिरको एउटा अभिलेखमा भरताश्रम तथा संवत् १२९ (वि.सं. ७६२) को शिवदेव द्वितीयको बलम्बूको अभिलेखमा गौतमाश्रमको उल्लेख गरिएको छ । यसबाट लिच्छविकालमा यहाँ ऋषिमुनिहरूको आश्रमको अवशेष रहेको देखिन्छ । *गोपालराजवंशावली*मा समेत नेपाल उपत्यकाको इतिहासको सुरुसुरुतिरै गौतम आदि केही ऋषिहरू यहाँ आउन लागेको कुरा उल्लिखित छ । यी सबै प्रसङ्गहरूबाट के स्पष्ट हुन्छ भने इतिहासको सुरुसुरुतिर केही ऋषिमुनिहरूले नेपाल उपत्यकामा आश्रम खोलेर बसेका थिए । यस सम्बन्धमा वाग्वतीनदीको नामको सम्बन्ध सोझै विद्यासँग रहेको र वाग्मतीनदीको किनारमा उहिले विद्वान् ऋषिमुनिहरू आश्रम खोलेर बसेको हुनसक्ने विचार धनवज्र वज्राचार्यको रहेको छ ।

नेपालमा देखिएका यी ऋषिआश्रमहरू प्राचीन धर्मशास्त्रहरूमा व्यवस्था गरिएअनुरूप नै विकसित भएका मान्न सकिन्छ । वास्तवमा प्राचीन शिक्षाको एउटा महत्त्वपूर्ण पक्ष नै गुरुकुलमा शिक्षा ग्रहण गर्ने परिपाटीसँग सम्बन्धित छ । प्रायः

छात्र उपनयन संस्कारपश्चात् आफ्नो घरभन्दा टाढा गुरुको आश्रममा आएर त्यहीँ बसी विभिन्न विषयहरूको शिक्षा गह्वण गर्ने गर्दथे । गृह्यसूत्रहरूमा ब्रह्मचारीले गुरुकुलमा गएर कसरी शिक्षा ग्रहण गर्दथे भन्ने बारेमा विस्तारपूर्वक वर्णन गरिएको छ । उपनिषद्हरूको अध्ययन गर्दा गुरुकुलका दुई प्रकारहरू त्यसबेला विकसित भएको देखिन्छ, (१) गृहस्थ-गुरुआश्रम र (२) वानस्थप्रप्रव्रजित गुरुआश्रम । *रामायाण, महाभारत* तथा अन्य विभिन्न ग्रन्थहरूले गुरुकुलको चर्चा गरेका छन् । कालिदासले आफ्ना विभिन्न ग्रन्थहरूमा पनि अनेक गुरुकुलहरूका बारेमा जानकारी दिएका छन् । बाणले *हर्षचरित*मा उल्लेख गरेअनुसार उनी स्वयं विद्या प्राप्तिका निमित्त निकै वर्ष गुरुआश्रममा रहेका थिए । एघारौँ शताब्दीका अरबी लेखक अल्बेरुनीले समेत त्यसबेला भारतमा गुरुकुलको अस्तित्व रहेको सङ्केत दिएका छन् । गुरुकुलमा दिनरात गुरुसेवा गरेर मात्र उसले चाहेको ज्ञान प्राप्त गर्न सक्थ्यो ।

गुरु र शिष्यको सम्पर्क गुरुकुलमा हुन्थ्यो । उपनयन संस्कार सम्पन्न गरेको बालकलाई गुरुकुल (गुरुको निवासस्थल) मा शिक्षा ग्रहण गर्न पठाइन्थ्यो । लामो समयसम्म ऊ गुरुको आश्रममा नै रहनुपर्दथ्यो । समाजमा ख्याति प्राप्त वरिष्ठ शिक्षकहरूको निवासमा नै आफ्ना छोराहरूलाई शिक्षा ग्रहण गर्न पठाउने गरिन्थ्यो । तत्कालीन आचार्यहरूले पनि उत्साही तथा प्रखर बुद्धि भएका विद्यार्थीहरूलाई पढाउन रुचि राख्दथे । वैदिक युगदेखि नै शिक्षकको स्थान देवताका रूपमा अत्यन्त आदरयुक्त गरिमामय र प्रतिष्ठित थियो । आफूले हासिल गरेका ज्ञानका आधारमा शिक्षक पूर्ण सम्मानित व्यक्त मानिन्थ्यो । त्यसबेला गुरुलाई आचार्य, गुरु, उपाध्याय आदि भनेर सम्बोधन गरिन्थ्यो । अध्यापन कार्य गरेबापत नै आचार्य स्तुत्य हुन्थे । आचार्यको कार्य आफूले हासिल गरेको ज्ञान योग्य शिक्षार्थीलाई प्रदान गर्नू भन्ने भएको हुँदा प्राचीन आचार्यहरू सूर्यको प्रकाश भएर निस्वार्थ भावनाले विद्यादान गर्ने गर्दथे । त्यसैले गुरुप्रति विद्यार्थीहरूको भावना अत्यन्तै सम्मानयुक्त हुन्थ्यो । उनीहरू दुवैका बीचमा बाबुछोराको जस्तो सम्बन्ध स्थापित हुन्थ्यो । विद्यार्थीले सदैव गुरुप्रति पितृतुल्य र गुरुपत्नीप्रति मातृतुल्य व्यवहार गर्नु तथा कुनै पनि अवस्थामा गुरुप्रति द्रोह नगर्नू भन्ने आदर्श त्यसबेला विद्यमान थियो । प्राचीन शास्त्रहरूमा उल्लेख भएअनुसार हरेक व्यक्तिको जन्म दुईपल्ट हुन्छ : शारीरिक रूपले हुने उसको जन्म माताको गर्भबाट हुन्छ भने उसको वास्तविक समाजयोग्य जन्म भने उपनयन संस्कारपछि गुरुबाट शिक्षाग्रहण गरेपछि मात्र हुन्छ । त्यसैले गुरुको स्थान पितृवत् भनिएको हो । पितातुल्य भएकै कारणले चेलाले गुरुको मृत्युमा पिण्ड र तर्पण पनि दिने गर्दथे । हिन्दूहरूले जन्मदै लिई आएका तीन ऋणमा ऋषिऋण समावेश हुनुबाट पनि गुरुको महत्त्व स्पष्ट हुन्छ । गुरुकुलमा गुरुले बनाएको नियममा रहेर गुरुको पूर्ण सेवा गरेर मात्र शिक्षा ग्रहण गर्न सकिन्थ्यो । गुरुलाई चित्त नबुभ्ने कार्य गरेमा गुरुबाट ज्ञान प्राप्त गर्न असम्भवप्रायः हुन्थ्यो ।

शिष्यले आफूप्रति गरेको सम्मानजस्तै आचार्यहरूले पनि आफ्ना विद्यार्थीप्रति स्नेहको भावना राख्दथे । गुरुको सदैव आफ्नो शिष्य बुद्धि र ज्ञानमा निपुण भएर संसारमा प्रतिष्ठित बनोस् भन्ने कामना रहन्थ्यो । आफूले हासिल

गरेको ज्ञान निःस्वार्थ भावनाले गुरुले योग्य विद्यार्थीलाई प्रदान गर्ने गर्दथे । मन्दबुद्धिका शिष्यलाई पनि आचार्यले उसको प्रियभावना तथा विनम्रताबाट प्रभावित भएर यथाशक्य सरलतापूर्वक शिक्षा दिने गर्दथे ।

गुरुकुलका केही निश्चित नियमहरू हुन्थे । गुरुकुलमा रहँदा बालकले पूर्ण ब्रह्मचर्यमा रहनुपर्थ्यो । समिधा र कुश ल्याउनुपर्थ्यो, मेखला, मृगचर्म धारण गर्नुपर्थ्यो अनि आचार्य र स्वयंका लागि भिक्षाटन गर्नुपर्थ्यो । चिनियाँ यात्री इत्सिङ्ग लेख्छन् : रात्रि नसकिँदै शिष्यले गुरुआश्रममा बढारकुँडार गर्ने, सामानहरू व्यवस्थित गरिदिने तथा गुरुको पूजाका सामग्री तयार पार्ने गर्दथे । वास्तवमा नम्रता, सदाचार, सेवाभावना तथा शिष्टाचार त्यस बेलाका विद्यार्थीका लागि अपरिहार्य गुण मानिन्थे । घमण्ड गरे कहिल्यै शिक्षा हासिल गर्न सकिँदैनथ्यो । गुरुकुलमा सबै विद्यार्थीहरू समान रूपमा रहन्थे, धनीगरिबको भेदभाव त्यहाँ हुँदैनथ्यो । आफ्ना आश्रममा रहेका विद्यार्थीहरू बिरामी भएमा गुरुले पनि उपचार गर्ने तथा अन्य प्रकारका सेवासुश्रूषा गर्ने गर्थे ।

गुरुकुलमा शिक्षा हासिल गरिसकेपछि दीक्षान्त समारोहको आयोजना गरिन्थ्यो । यसलाई त्यसबेला समावर्तन भनिन्थ्यो । यसलाई स्नानसंस्कार पनि भनिएको पाइन्छ । समावर्तनको तात्पर्य हो : शिक्षा ग्रहण गरेर घर फर्कनु । यस संस्कारमा गुरुकुलमा अन्तिम स्नान गरिने हुँदा सोही नामबाट पछि स्नातक नामकरण हुन गयो । यस संस्कारको बेलामा गुरुले विद्यार्थीलाई *सत्यंवद, धर्मंचर, मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव* भनेर उपदेश दिने गर्थे त्यसपछि विद्यार्थीहरू मेखला, मृगचर्म त्याग गरेर आफ्नो जातअनुसारको पोसाक ग्रहण गर्दथे । अन्त्यमा गुरुदक्षिणा दिइन्थ्यो । गुरुदक्षिणाको महत्त्व ठूलो थियो । गुरुदक्षिणा नदिई शिष्य जाँदैनथ्यो । गुरुले विद्यार्थीको गच्छेअनुसार उसबाट केही ग्रहण गर्दथे । त्यसपछि बिदा भएर शिक्षार्थी आफ्नो क्षेत्रमा फर्कन्थ्यो । त्यतिबेला गुरु र उनकी पत्नी ज्यादै दुःखित भएर उनीहरूलाई बिदा गर्दथे ।

नेपालबाहिर गएर अध्ययन गर्ने चलन पनि त्यसबेला थियो । आठौँ शताब्दीतिर वैरोचन, कनकश्री तथा रत्नकीर्तिहरूले भारतको विक्रमशील महाविहारमा गएर तन्त्रशास्त्रमा अध्ययन गरेका थिए । सातौँ शताब्दीमा नेपाल-तिब्बत सम्बन्ध भई हिमाली भञ्ज्याङहरूबाट बाटो खुलेदेखि नै धेरै तिब्बतीहरू नेपालको बाटो भएर भारतका बौद्धकेन्द्रहरूमा अध्ययन गर्न जाने-आउने गर्दथे । धेरै भारतीय पण्डितहरू समेत नेपालको बाटो भएर नै तिब्बत जाने-आउने गर्न थालेका थिए । नेपाली पण्डित शीलमञ्जु स्रङ्चङ्गम्पोको दरबारमा बौद्ध धर्मग्रन्थ अनुवाद गर्ने कार्यमा नियुक्त पनि भएका थिए । नालन्दाका प्रकाण्ड विद्वान् शान्तरक्षित नवौँ शताब्दीको आरम्भतिर नेपाल आएका थिए र यतैबाट तिब्बत गई त्यहाँ केही दिन बसेर नेपाल फर्केका थिए । यो क्रम उनीपछि पनि निरन्तर चल्दै गएको थियो । यसरी नेपालको बाटो भई भारत-तिब्बत ओहोर दोहोर गर्दा ती विद्वान्हरूले नेपालमा समेत केही समय बसेर धेरैलाई शिक्षा दिने काम गरेका थिए ।

**पाठ्य विषयहरू**

प्राचीन नेपालमा पठनपाठन गरिने विषयहरूका बारेमा तत्कालीन अभिलेखहरूबाट सङ्क्षिप्त जानकारी पाउन सकिन्छ । त्यसबेला विशेष महत्त्वका साथ अध्ययन गरिने विषय प्राचीन धर्मशास्त्रहरू थिए । तत्कालीन अभिलेखहरूमा *वेद, स्मृति*हरू, *महाभारत* आदिको उल्लेख निकै ठाउँमा पाइन्छ । वेदको अध्ययनको व्यवस्था गर्न *तैत्तरीयशाखागोष्ठी*को व्यवस्था त्यसबेला थियो । सो समयमा हुने गरेको वैदिक साहित्यहरूको अध्ययनको महत्त्वपूर्ण जानकारी संवत् ४५२ (वि.सं. ५८५) को खपिंछेको अभिलेखबाट प्राप्त हुन्छ । यस अभिलेखमा केही वैदिक ब्राह्मणहरूले महर्षि वैशम्पायनको कारणपूजाका लागि गुठी राखिदिएको कुरा परेको छ । महर्षि वैशम्पायन महर्षि वेदव्यासका चेला थिए । वेदव्यासले नै वेदहरूको वर्गीकरण गरेका थिए जुन कार्यमा महर्षि वैशम्पायनले पनि उनलाई सहयोग गरेका थिए । चार वेदमध्ये यज्ञयागादि कर्मकाण्डसँग बढी सम्बन्ध रहेको यजुर्वेदको सम्पादनमा महर्षि वैशम्पायनको पनि हात रहेको हुँदा ब्राह्मणहरूले वैदिक कर्मकाण्डका प्रणेताका रूपमा यिनको पूजामा ध्यान दिएको बुझिन्छ । यस्तै हाँडीगाउँको गरुडस्तम्भ अभिलेखमा अनुपरम गुप्तले वेदको स्वरूप र आदर्शबारे सूत्रात्मक व्याख्या गरेका छन् । सोही अभिलेखमा *मनुस्मृति, यमस्मृति, बृहस्पतिस्मृति* र *उशानसस्मृति*को उल्लेख परेको छ । यसका साथै तात्कालिक अभिलेखहरूमा लिच्छवि राजा वा राजकुमारका सम्बन्धमा भनिएका "वेद तथा धर्मशास्त्रमा विधान गरेबमोजिम कर्म गर्ने, आर्यमर्यादाका नियमलाई परिपालना गराउने, रातोदिन थरीथरीका शास्त्रहरूको छलफल गर्ने, शास्त्रहरूको प्रशस्त अध्ययनबाट स्मृतिमय भएका" जस्ता विशेषणहरू तथा अभिलेखहरूमा नै उल्लेख भएका *याज्ञिक, वासुदेवब्राह्मणगोष्ठी, तैत्तिरीयशाखागोष्ठी* आदिबाट त्यसबेला हुने शास्त्रीय शैक्षिक गतिविधिको स्पष्ट जानकारी प्राप्त हुन सक्दछ ।

*महाभारत*का श्लोकहरू तत्कालीन अभिलेखहरूमा उल्लेख गरिएका हुँदा त्यसबेला *महाभारत*को पनि निकै मान रहेको बुझिन्छ । अनुपरमको हाँडीगाउँको अभिलेखमा *महाभारत*लाई भारत मात्र भनिएको छ र यसका रचयिता वेदव्यास नै मानिएको छ । लिच्छविकालमा वेदव्याससम्प्रदायसमेत चलेको देखिएकाले यस महाकाव्यको महत्त्व त्यसबेला निकै भएको मान्न सकिन्छ । यसका साथै त्यसबेला भास र भारविका पुराना संस्कृत रचनाहरूको पनि अध्ययन-अध्यापन हुन्थ्यो भन्ने विचार जगदीशचन्द्र रेग्मीको रहेको छ ।

प्राचीन नेपालमा शास्त्रीय परम्पराका अतिरिक्त आयुर्वेद, ज्योतिष, शिल्पशास्त्र, सङ्गीत, व्याकरणजस्ता विषयहरूको समेत पठनपाठन हुने गर्दथ्यो । त्यसबेला मानिसहरूको वा पशुहरूको औषधोपचार गर्ने एकमात्र माध्यम आयुर्वेद पद्धति नै थियो । त्यसबेला ठाउँठाउँमा आरोग्यशालाहरू खुलेका थिए र विरामीहरूलाई औषधोपचार गरिने व्यवस्था थियो । यी तथ्यहरूबाट त्यसबेला आयुर्वेदको पठनपाठन हुने गरेको थाहा पाउन सकिन्छ । चिनियाँ ताङवृत्तान्तमा समेत नेपालीहरू आयुर्वेदशास्त्रमा निपुण भएको कुरा उल्लिखित छ ।

ज्योतिषशास्त्रको अध्ययन पनि त्यसबेला हुन्थ्यो । चिनियाँ वृत्तान्तमा नेपालीहरू ज्योतिषशास्त्रमा निपुण छन् भनेर उल्लेख गरिएको छ । चिनियाँ यात्री वाङ्हुयेनसे वि.सं. ७१४ मा नेपालमा आएको समयमा उनले "नेपालीहरू फलित ज्योतिष र भौतिकदर्शनको अनुसन्धानमा संलग्न रहन्छन्, पात्रो बनाउने विद्यामा पनि उनीहरू उत्तिकै निपुण छन्" भनी लेखेका छन् । ग्रह-नक्षत्र, शुभ-अशुभ आदि विचार गर्ने चलन त्यसबेला निकै प्रचलित भएको हुँदा ज्योतिषशास्त्रको अध्ययनले विशेष महत्त्व पाएको बुझ्न सकिन्छ । तर त्यसबेला पञ्चाङ्गगणना पद्धतिले अहिले नेपालमा चलेको पञ्चाङ्गगणना पद्धतिसँग मेल खाँदैनथ्यो भन्ने नयराज पन्तको विचार रहेको छ । प्रसिद्ध ज्योतिषग्रन्थ *सुमतितन्त्र* लिच्छवियुगमा नै तयार गरिएको विचार नयराज पन्तले व्यक्त गरेका छन् ।

शिल्पशास्त्रसम्बन्धी अध्ययनको व्यवस्था पनि लिच्छविकालमा थियो । संवत् ५२६ (वि.सं. ६५९) को लेले अभिलेखमा उल्लेख भएको अर्चागोष्ठीलाई मूर्ति बनाउने तथा मूर्ति बनाउन सिकाउने काम गर्थ्यो भन्ने विश्वास गरिएको छ । लिच्छविकालीन प्रस्तर कलाको अध्ययन गर्दा तथा तत्कालीन अभिलेखहरूमा निकै मात्रामा मन्दिर र विहारहरू बनेको उल्लेख भएको देखिन्छ । यसबाट त्यसबेला शिल्पशास्त्रको तालिम हुने गरेको कुराको थप प्रमाण मिलेको छ ।

सङ्गीत तथा अभिनयसम्बन्धी शिक्षादीक्षा पनि त्यसबेला हुने गर्दथ्यो । बाजागाजाको व्यवस्था गर्न वादित्रगोष्ठी सञ्चालित थियो भने त्यसबेला नाटक मञ्चन पनि हुने गर्दथ्यो । चिनियाँ यात्री वाङ्-हुयेनसेले "नेपालीहरू नाचगान र अभिनयमा अभिरुचि राख्तछन्, उनीहरू मादल र कर्नाल बजाउँदा रमाउँछन्" भन्ने उल्लेख गरेका छन् । जयदेव द्वितीयको नक्सालको एक जीर्ण अभिलेखमा उल्लेख भएको प्रेक्षणमण्डपीले नाटक र अभिनय गर्ने रङ्गशालाका बारेमा अर्थ्याएको विचार जगदीशचन्द्र रेग्मीको छ । *गोपालराजवंशावली*मा पनि लिच्छविराजा चम्पादेवको पालाको चार अङ्कको रामायणनृत्य खेलाएको उल्लेख आउँछ । प्रसिद्ध राजा मानदेवकी छोरी विजयवतीलाई नृत्य, सङ्गीत, वाद्यजस्ता कलाको ज्ञान दिइएको तथ्यबाट पनि सो समयमा सङ्गीतादि शिक्षाको महत्त्व स्पष्ट हुन सक्तछ ।

प्राचीनकालमा अध्ययन-अध्यापन हुने अर्को एक महत्त्वपूर्ण विषय व्याकरण पनि थियो । *गोपालराजवंशावली* तथा भाषावंशावलीहरू एवं चिनियाँ यात्री ह्वेन-साङ्को वर्णनको प्रसङ्गबाट त्यसबेला व्याकरणको पठनपाठन हुने गरेको स्पष्ट हुन्छ ।

**पठनपाठनको माध्यम**

लिच्छविकालीन अभिलेखहरूको अध्ययन गर्दा त्यसबेला एकमात्र भाषा संस्कृत भाषाको प्रयोग हुने गरेको पाइन्छ । त्यसबेला लेखपढको एउटै मात्र भाषा संस्कृत थियो । संस्कृतमा लेखिएका प्रौढ अभिलेखहरूले हामीलाई यस कुराको ज्ञान गराउँछन् । अहिलेसम्म पाइएका लिच्छविकालका सबैजसो अभिलेखहरू संस्कृतमा नै छन् । काठमाडौँ उपत्यका मात्र नभएर उपत्यकाबाहिर पूर्वमा पलाञ्चोक, दुम्जा आदि ठाउँमा, पश्चिममा नुवाकोट, गोरखा आदि ठाउँमा, दक्षिणपश्चिम भेगमा चित्लाङ, टिस्टुङ, तौखेल आदि ठाउँमा पनि लिच्छविकालीन अभिलेखहरू पाइएका

छन् र ती सबै संस्कृतमा नै छन् । त्यसबेला शासकहरूले सनदसवाल कुँदाएर राखेका अभिलेखहरू पनि संस्कृतमा नै छन् । यसका साथै लिच्छविकालमा लेनदेन, घरजग्गाको सुक्रीबिक्री आदि साधारण व्यवहार पनि संस्कृतमा नै हुन सक्ने विचार धनवज्र वज्राचार्यको रहेको छ ।

संस्कृत भाषाका अतिरिक्त अन्य भाषाहरू पनि त्यसबेला चलनचल्तीमा भएको कुरा अनुमान भने गरिएको छ । वास्तवमा लिच्छविकालीन संस्कृत अभिलेखका बीचमा पर्न आएका पारिभाषिक शब्द र नाममा उल्लेख भएका कतिपय स्थानीय भाषाका शब्दहरूले पनि त्यसबेला बोलचालको भाषा चाहिँ अर्कै भएको ज्ञात हुन्छ । तर त्यो जनभाषा के थियो भन्ने सम्बन्धमा कतिपय विद्वान्हरूले सो भाषा वर्तमान कालमा नेपालमा प्रचलित नेवारी भाषाको पूर्व रूप हुन सक्ने विचार व्यक्त गरेका भए तापनि यस सम्बन्धमा स्पष्ट भन्न सकिने आधार भने केही छैन ।

यसका अतिरिक्त लिच्छविकालमा नेपालमा प्राकृत भाषाको पनि प्रचार भएको कुरा उल्लेख गरिएको छ । वास्तवमा नेपाल प्रवेश गर्नुपूर्व वैशालीमा गणराज्य कायम रहेको समयमा लिच्छविहरूको मातृभाषा मागधी प्राकृत नै भएको मानिएको (जुन प्राकृतबाट नै हिजोआज तराई क्षेत्रमा बोलिने मैथिली, मगधी र भोजपुरी जस्ता भाषाहरू बनेका हुन्) र प्राचीन नेपालका शासकवर्ग पनि लिच्छवि नै भएका हुँदा संस्कृत र अन्य जनभाषाका अतिरिक्त सो समयमा प्राकृत भाषाको पनि यहाँ प्रचार भएको कुरामा विद्वान्हरूको विश्वास बढेको हो । पुरानो बौद्ध साहित्य पाली प्राकृतमै भएको, बौद्ध धर्मको प्रचार पहिलेदेखि नै नेपालमा भएको र उता छिमेकी भारतमा बोलीचालीदेखि लेखापढीमा समेत प्राकृतको प्रयोग भइरहेको हुँदा नेपालमा बसोवास गरिरहेका बौद्धमार्गी, शैवमार्गी, वैष्णवमार्गीहरू सबै नै स्थानीय भाषाभाषीमात्र नभएर प्राकृत बोल्ने पनि थिए भनेर ज्ञानमणि नेपालले अनुमान गरेका छन् । लिच्छविकालीन अभिलेखहरूमा भने प्राकृतका कुनै पनि नमुना प्राप्त भएका छैनन् ।

यी सबै तथ्यहरूलाई हेर्दा लिच्छविकालमा पठनपाठनको मूल माध्यम संस्कृत भाषा नै भएको र व्यवहारमा भने अन्य जनभाषा पनि प्रयोग हुने गरेको अनुमान गर्न सकिन्छ । त्यसबेला प्रचलित लिपिहरूमा भने ब्राह्मीलिपि एउटैमात्र लिपिका रूपहरू पाइएका छन् । नेपालमा ब्राह्मीलिपिका प्राचीन नमुनाहरू इ.पू. तेस्रो शताब्दीका सम्राट् अशोकका लुम्बिनी र निग्लिहवामा प्राप्त स्तम्भ अभिलेखहरू हुन् । यद्यपि यी अभिलेखाहरूबाट नेपालको शैक्षिक क्षेत्रमा खासै असर परेको देखिँदैन । इसाकै पाँचौं शताब्दीदेखि पाइएका अभिलेखहरूका लिपिहरू पनि ब्राह्मीलिपिकै विकसित रूप मानिन्छन् । भारतीय गुप्तलिपिसँग लगभग समानता राख्ने भएकाले आरम्भमा यस लिपिलाई गुप्तलिपि नै भनेको पनि देखिएको छ तापनि २०१७ सालमा आएर नेपालको पुरातत्व विभागले यस लिपिलाई लिच्छविलिपि भनी नामकरण गरेपछि भने यही नामले निरन्तरता पाएको देखिन्छ । नेपालका केही मौलिक विशेषताहरूका साथमा यो लिपि विकसित भएको

देखिएकाले लगभग सात सय वर्षसम्मको इतिहास भएको यस लिपिलाई पूर्वलिच्छविलिपि र उत्तर लिच्छविलिपि गरी दुई भागमा विभाजन गर्ने गरिएको छ । लिच्छविकालीन अभिलेखहरू सबै नै यिनै लिपिहरूमा अङ्कित गरिएका छन् । पूर्वलिच्छविलिपि वास्तवमा भारतीय गुप्तलिपिकै नेपालको स्थानीय रूप जस्तो देखिन्छ र छैटौँ शताब्दीसम्म यसको समय मानिन्छ भने त्यसभन्दा पछाडि विकसित लिपिलाई उत्तर लिच्छविलिपि भन्ने चलन छ । अभिलेखहरू कुटिलाक्षरमा देखिन थालेका आधारमा नै यो विभाजन गरिएको हो तापनि आधुनिक पुरालेखन विशेषज्ञहरू यस्तो विभाजनको विपक्षमा देखिएका छन् । दिनेशचन्द्र रेग्मीले लिच्छविलिपिलाई दुई भागमा नभएर पाँच भागमा विभाजन गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

यी लिपिका अतिरिक्त *गोपालराजवंशावली*बाट *गोली* नाम भएको अर्को लिपिको जानकारी पाइन्छ । *गोपालराजवंशावली*अनुसार भूमिगुप्तले सो गोली नामको लिपि चलाएको बुझिन्छ । यी भूमिगुप्त लिच्छविकालका प्रसिद्ध विद्वान् अनुपरमगुप्त र आभिरीगोमिनीका पुत्र तथा त्यसबेलाका प्रसिद्ध सामन्त भौमगुप्त नै थिए । यी भौमगुप्तका बाबु वैदिक साहित्यमा निकै दखल भएका विद्वान् भएको हुँदा यिनले गोली अक्षर चलाउन भने असम्भव छैन । तर सो लिपि कस्तो थियो भन्ने बारेमा भने कुनै पनि प्रमाणहरू उपलब्ध हुन सकेका छैनन् । यसरी संस्कृत भाषा लेख्ने क्रममा विकसित भएको ब्राह्मीलिपिको विकसित रूप यहाँ लेखपढको माध्यम भएको थाहा पाउन सकिन्छ ।

लिच्छविलिपिमा लेखिएका दुई सयभन्दा बढी अभिलेखहरू यहाँ पाइएका छन् । साथै ताडपत्रमा लेख्ने चलन पनि लिच्छविकालमा नै चलिसकेको बुझिन्छ । हरप्रसाद शास्त्रीले दरबारलाइब्रेरीमा प्राप्त राष्ट्रिय अभिलेखालयमा भएको *स्कन्दपुराण*लाई सातौँ शताब्दीको मानेका छन् । वि.सं. ८८५ को *परमेश्वरतन्त्र* नामक अर्को लिच्छविकालीन ग्रन्थ क्याम्ब्रिज विश्वविद्यालयमा रहेको जानकारी सिसिल बेन्डालले प्रकाशित गरेका छन् । त्यस्तै राष्ट्रिय अभिलेखालयमा नै रहेका *शतसहस्रिकाप्रज्ञापारमिता* तथा *सद्धर्मपुण्डरीक*लाई पनि लिच्छविकालीन ग्रन्थ मान्ने गरिएको छ । यसरी प्रस्तरमा कुँद्ने मात्र नभएर ताडपत्र आदिमा लेख्ने चलन पनि लिच्छविकालमा विकसित भइसकेको स्पष्ट हुन्छ ।

**निष्कर्ष**

यसरी प्राचीन नेपालको शैक्षिक स्थितिको अवलोकन गर्दा शिक्षाको निकै विकास भएको देखिन आउँछ, तर वास्तविक स्थिति भने त्यस्तो थिएन । तात्कालिक अभिलेखहरूले केवल उच्च राजपरिवार खलकको मात्र प्रतिनिधित्व गर्ने हुँदा समाजका सबै पक्षका बारेमा निर्क्योल निकाल्न सकिँदैन । चिनियाँ वृत्तान्तमा नेपालीहरू अशिक्षित छन् भन्ने उल्लुख परेको र लिच्छलिकालीन अभिलेखहरूमा जनताका तर्फबाट राखिएका अभिलेखहरू प्रायः अशुद्ध देखिएको भन्ने विद्वान्हरूको विचार रहेको हुँदा शिक्षा लिने सहुलियत ब्राह्मणवर्ग र अन्य उच्च वर्गमा मात्र सीमित भएको अनुमान गर्न सकिन्छ । चिनियाँ यात्री युवान-च्वाङले नेपालका जनता अशिक्षित छन् भन्ने उल्लेख गर्नुका साथै शासक वर्ग भने शिक्षित छन् भन्ने

जानकारी दिएको हुँदा सो समयमा सार्वजनिक रूपमा जनताले शिक्षा लिनसक्ने सर्वसुलभ व्यवस्था थिएन कि भन्ने देखिएको छ ।

**सन्दर्भ कृतिसूची**

***आवश्यकसूत्र.*** भाग-२, पृ. ७२ उद्धृत : रेग्मी, जगदीशचन्द्र. २०३५. ***प्राचीन नेपालको राजनैतिक इतिहास.*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

ओझा, गौरीशंकर हीराचन्द. सन् १९५९. ***भारतीय प्राचीन लिपिमाला.*** दिल्ली : मुन्सीराम मनोहरलाल ।

काश्यप, अर्जुन चौवे (अनु.). सन् १९८०. ***पी.वी. काणेका धर्मशास्त्रका इतिहास.*** लखनउ : उत्तर प्रदेश हिन्दी संस्थान ।

***कौटिल्यको अर्थशास्त्र.*** २.११.२८ ।

***गोपालराज वंशावली.*** पत्र १७ ।

ज्ञवाली, सूर्यविक्रम. २०१९. ***नेपाल उपत्यकाको मध्यकालीन इतिहास.***काठमाडौँ : रायल नेपाल एकेडेमी ।

*जित्वा कैरात राजानां वाक्येन प्रत्ययेनच । करिष्यति सदा राज्यं वैशाल्याधिपतिर्बली ॥* **पशुपतिपुराण** ।

झा, उपेन्द्र. २०३९. ***मिथिलापुरीका अभिज्ञान.*** मधुवनी : माधवी विद्यामन्दिर वनकट्टा ।

त्रिपाठी, रमाशंकर. सन् १९८५. ***प्राचीन भारतका इतहिास.*** दिल्ली : मोतीलाल बनारसी दास ।

*नेपाल कामरूपं च विदेहोदुम्बरं यथाऽवन्त्यः केकयश्च उतरापूरवे हतो हन्यात् ॥* **अथर्वपरिशिष्ट**-कूर्मविभाग, उद्धृतः उही ।

नेपाल, ज्ञानमणि. २०४०. ***नेपाल निरुक्त.*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

***प्राचीन नेपाल.*** सङ्ख्या ४३-५ ।

पन्त, नयराज. २०२१. "लिच्छविकालको पञ्चांगको एक झलक." ***पूर्णिमा.*** पूर्णाङ्क ३ ।

पन्त, नयराज र अरू. २०३५. "सुमतितन्त्रको रचनाकाल." ***पूर्णिमा.*** पूर्णाङ्क ३९ ।

पौडेल, नयनाथ. २०२०. ***भाषावंशावली.*** भाग-१, काठमाडौँ : श्री ५ को सरकार, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय ।

वज्राचार्य, धनवज्र २०३०. ***लिच्छविकालका अभिलेख.*** कीर्तिपुर : त्रि.वि. नेपाल र एसियाली अध्ययन संस्थान ।

----------. २०३३. "नेपाली भाषाको ऐतिहासिक विकास." ***नेपाली भाषा-अधिगोष्ठी.*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

बाग्ची, एस. सन् १९७०. ***मूलसवास्तिवाद विनयवस्तु.*** दरभंगा : मिथिला इन्स्टिच्युट ।

मिश्र, तारानन्द. २०६०. ***धर्मस्वामीको जीवनकथा.*** काठमाडौँ : लुम्बिनी फाउन्डेसन ।

***राजनैतिक इतिहास.*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

राजवंशी, श्यामसुन्दर. २०४६. "पशुपति प्राङ्गणमा प्राप्त अप्रकाशित लिच्छवि अभिलेख." ***प्राचीन नेपाल***. सङ्ख्या ११५ ।

राजवंशी, शंकरमान. "अंशुवर्माको राजनीति क्रान्ति र अभ्युदय." २०३४-२०३५.

रेग्मी, जगदीशचन्द्र. २०२६. ***लिच्छ-संस्कृति.*** काठमाडौं : रत्न पुस्तक भण्डार ।

----------. २०४०. ***प्राचीन नेपाली संस्कृति.*** काठमाडौं : साझा प्रकाशन ।

----------. २०५३. ***लिच्छ-इतिहास.*** कीर्तिपुर : त्रि.वि. नेपाल र एसियाली अध्ययन संस्थान ।

----------. २०६०. ***पुरालेखन र अभिलेख.*** काठमाडौं : हिमालय बुक स्टल ।

सांकृत्यायन, राहुल. सन् १९९६. ***तिब्बत मे बौद्धधर्म.*** पटना : किताब महल ।

***शतपथब्राह्मण***. १।४।१०-१७ ।

Altekar, A.S. 1957. ***Education in Ancient India.*** Varanasi: Nand Kishor and Brothers.

Bendall, C. 1883. ***Catalogue of the Buddhist Sanskrit Manuscripts in the University Library Cambridge.*** Cambridge.

Joshi, H.R. 1991. ***Medieval Colophons.*** Lalitpur: Joshi Research Institute.

Kirkpatrick, W. 1975. ***An Account of the Kingdom of Nepal.*** Delhi: Asian Publication Services.

Nath, T. 1990. ***History of Buddhism in India.*** Delhi.

Panta, M.R. 1985. ***What did Amsuvarma Wrote, Rhetoric or Grammer? An Investigation into Sabdavidya.*** Kathmandu: Mahesh Raj Panta.

Shastri, H.P. 1905. ***A Catalogue of Palm Leaf and Selected Paper Manuscripts Belonging to the Darabar Library Nepal.*** Vol. 1. Calcutta: Baptist Mission Press.

Sircar, D.C. 1965. ***Select Inscriptions.*** Calcutta: Calcutta University.

Slusser, M.S. 1982. ***Nepala Mandala: A Cultural Study of the Kathmandu Valley.*** Princeton: Princeton University Press.